जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २३८ | २०८२ साल चैत्र १० गते, मंगलबार | Tuesday, Mar.– 24 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## तस्करी मिलेमतोको पोल खुल्दैः बंकुल–सिम्रौनगढमा बढ्दो तस्करीले छोटी भन्सार ओझेलमा



९ चैत्र, बारा/रौतहट – बारा र रौतहटको सीमावर्ती क्षेत्र सिम्रौनगढ र बंकुल नाकामा अवैध तस्करी तीव्र रूपमा फैलिँदै गएको छ। हालको घटनाक्रमले तस्कर र सुरक्षा निकायबीच मिलेमतो भइरहेको पोल समेत सार्वजनिक भएको छ।

स्थानीय स्रोतका अनुसार तोरी, कपडा, माछालगायत विभिन्न सामानको तस्करी संगठित रूपमा भइरहेको छ। विशेषगरी कंकालीमाई मन्दिर आसपास भण्डारण गरेर राती मोटरसाइकलमार्फत सामान ओसारपसार गरिन्छ। त्यसपछि उक्त सामान ट्रकमार्फत देशका विभिन्न भागमा पठाइन्छ।

कंकालीमाई मन्दिर वरपरको क्षेत्रमा भण्डारण केन्द्र सञ्चालन हुँदा नजिकै रहेका सशस्त्र प्रहरी बेस र इलाका प्रहरी कार्यालयको प्रभावकारी निगरानी नहुँदा 'सेटिङ'को आशंका बढेको छ। विभिन्न स्थानमा घुमुवा परिचालन गरेर तस्करी लाइन मिलाउने काम भइरहेको छ भन्ने आरोपसमेत छ। मुख्य तस्करी मार्गका रूपमा पिपरपाती, महुआही, अगरवा, अठमुहान र बसवरिया झरोखर प्रयोग भइरहेको छ। भारततर्फबाट मोटरसाइकलमार्फत ल्याइने सामान कवलपुर क्षेत्रको बगैँचाबाट भित्र्याइन्छ र विभिन्न गोदाममा राखेर पुनः वितरण गरिन्छ।

फर्मालिनजस्ता रसायन प्रयोग गरी माछा रातको समयमा बाइकमार्फत भित्र्याउने क्रम बढेको छ। मौलापुर हुँदै पहाडी जिल्लासम्म पुग्ने क्रममा स्वास्थ्य जोखिम पनि बढिरहेको छ। तस्करीको बढ्दो प्रभावले सिम्रौनगढस्थित छोटी भन्सारको कामकाज प्रभावित बनाएको छ। वैध व्यापार घट्दै गएपछि राज्यको राजस्व संकलनमा ठुलो असर परेको छ भने स्थानीय व्यापारीहरू पनि मारमा परेका छन्। स्थानीय तथा सरोकारवालाहरूले बारम्बार भन्सार सुदृढीकरण र तस्करी नियन्त्रणको माग उठाए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको गुनासो गरेका छन्। तस्करी नियन्त्रणभन्दा उल्टै सुरक्षा निकायसँग मिलेमतो भएको पोल सार्वजनिक हुँदा स्थिति अझ जटिल बनेको छ। समग्रमा, बंकुल-सिम्रौनगढ क्षेत्रमा फैलिँदै गएको संगठित तस्करीले छोटी भन्सार प्रणाली कमजोर बनाएको छ। कडा निगरानी, पारदर्शी कारबाही र मिलेमतो रोक्ने रणनीति अविलम्ब आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन्।

## प्रधानमन्त्री बालेन्द्र शाहको शपथ समारोहमा विदेशी सरकार प्रमुख सहभागी नहुने



९ चैत्र, काठमाडौँ – आगामी १३ चैतमा प्रधानमन्त्री बालेन्द्र शाहले पद तथा गोपनियताको शपथ लिने कार्यक्रम तय भए पनि सो समारोहमा कुनै पनि विदेशी राष्ट्रका सरकार प्रमुखलाई निमन्त्रणा दिइने छैन। राष्ट्रपति कार्यालय र परराष्ट्र मन्त्रालयका अधिकारीहरूले स्रोत अनुसार, शपथ ग्रहण समारोहमा केवल कूटनीतिक नियोगका प्रमुखहरू, नेपालका पूर्वप्रधानमन्त्री, मन्त्री, सांसद तथा संवैधानिक निकायका पदाधिकारीहरूलाई मात्रै आमन्त्रण पठाइने तयारी भइरहेको छ।

परराष्ट्र मन्त्रालयका अधिकारीहरूले सामाजिक सञ्जालमा फैलिरहेको भ्रमलाई खारेज गर्दै भनेका छन् कि, "प्रधानमन्त्रीको शपथ ग्रहण समारोहमा विदेशबाट कुनै सरकार प्रमुख वा उच्च प्रतिनिधि बोलाउने योजना छैन। समारोहमा आमन्त्रण परम्परागत रूपमा केवल कूटनीतिक नियोग प्रमुख र आन्तरिक सरकारी पदाधिकारीलाई मात्र गरिन्छ।"

राष्ट्रपति कार्यालयका एक अधिकारीले पनि सो कुरा पुष्टि गर्दै भने, "प्रधानमन्त्रीको शपथ समारोहको तयारी विगतमा जस्तो नै भइरहेको छ। यसअवधिमा कुनै देशका सरकार प्रमुखको सहभागिताबारे प्रधानमन्त्री कार्यालयबाट सूचना प्राप्त भएको छैन। समारोहमा भाग लिने सूची परम्परागत ढाँचाअनुसार तयार पारिएको छ।"

नेपालमा परम्परागत रूपमा प्रधानमन्त्रीको शपथ ग्रहण

बाँकी तेस्रो पृष्ठमा

## चैती छठ सुरु, सोमबार "खरना" पछि मंगलवार साँझको अर्घ दिदै

*संवाहक सम्वादाता-९चैत्र, कलैया*



तराई-मधेश क्षेत्रका विभिन्न जिल्लामा आइतबारदेखि विधिवत् चैती छठ पर्व सुरु भएको छ। चार दिनसम्म मनाइने यस पर्वमा व्रतालुहरूले सूर्य उपासनासहित पारिवारिक सुख, समृद्धि, शारीरिक कल्याण र रोग मुक्तिका लागि श्रद्धापूर्वक पूजा गर्ने गर्छन्।

पहिलो दिन 'नहाय-खाय' विधि अनुसार व्रतालुहरूले स्नान गरी शुद्ध भोजन ग्रहण गर्छन्। यसरी शरीर र मन सफा बनाएपछि उपवासको तयारी गरिन्छ। पर्वको दोस्रो दिन सोमबार 'खरना' विधि अनुसार दिनभरि निराहार उपवास बसेर साँझ कूलदेवताको पूजा र विशेष पकवान सेवन गरिन्छ। व्रतालुहरूले अरवा, अरबाईन जस्ता बिना नुनका परिकार ग्रहण गर्छन्।

मङ्गलबार षष्ठीका दिन व्रतालुहरू (सँझिया घाट)अस्ताउँदो सूर्यलाई

बाँकी तेस्रो पृष्ठमा

## स्विट्जरल्यान्डलाई चुनौती दिने बडीमालिका: बालेनको एक अभिव्यक्तिले उजागर गरेको ओझेलको स्वर्ग



लेखक: पन्नालाल दास



***"बडीमालिका केवल नेपालको ओझेलमा परेको प्राकृतिक गन्तव्य होइन, स्विट्जरल्यान्डसँग तुलना हुने अनुपम सुन्दरताको धनी स्थल हो। बालेन शाहको अभिव्यक्तिले यसलाई राष्ट्रिय ध्यानाकर्षण दिलाएको छ भने विकटता र मौलिकताले पर्यटकलाई अद्भुत अनुभव दिन्छ। उचित प्रचार-प्रसार र पूर्वाधार विकासले बडीमालिकालाई पर्यटकीय तथा आर्थिक सम्भावनाको केन्द्र बनाउने क्षमता छ।"***

नेपालको सुदूरपश्चिम कुनामा अवस्थित बाजुरा जिल्लाभित्र लुकेको बडीमालिका क्षेत्र केवल एउटा धार्मिक गन्तव्य मात्र होइन, प्रकृतिको अनुपम क्यानभास हो–जहाँ आकाश, हिमाल, बादल र हरियाली एउटै दृश्यमा समेटिन्छन्। लामो समयसम्म पहुँचको कठिनाइ र प्रचार-प्रसारको अभावका कारण ओझेलमा परेको यो क्षेत्र पछिल्लो समय "नेपालको स्विट्जरल्यान्ड"को उपमा पाउन थालेको छ। अझ विशेष, बालेन शाहको एक अभिव्यक्तिले यस क्षेत्रलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याइदिएको छ।

### प्रकृतिको खुला संग्रहालय

करिब ३,००० देखि ४,२०० मिटर उचाइमा फैलिएको बडीमालिका क्षेत्र विशाल घाँसे मैदान, उकाली-ओराली डाँडाकाँडा र हिमाली टाकुराहरूको अद्भुत संयोजन हो। यहाँ पुग्दा लाग्छ–मानौँ प्रकृतिले आफ्ना सबै रङहरू एकै ठाउँमा खन्याएकी छिन्। जेठदेखि भदौसम्मका केही महिना मात्रै खुला रहने यो भूभाग त्यस अवधिमा हरियालीले छपक्कै ढाकिन्छ, रंगीचंगी जंगली फूलहरूले सजिन्छ र बादलले डाँडामाथि लुकामारी खेल्छ।

यहाँको त्रिवेणी संगम (बडीमालिका)मा बग्ने स्वच्छ जलधाराले मनलाई शान्त बनाउँछ भने चिसो हावाले थकान बिर्साइदिन्छ। टाढासम्म फैलिएको हिमालको मुस्कान, निलो आकाश र शून्यको शान्तताले यहाँ पुग्ने जो कोहीलाई मन्त्रमुग्ध बनाउँछ।

### स्विट्जरल्यान्डसँग तुलना–तर आफ्नै पहिचान

प्राकृतिक सौन्दर्यका हिसाबले बडीमालिका क्षेत्रलाई धेरैले स्विट्जरल्यान्डसँग तुलना गर्छन्। फराकिला हरियाली मैदान, सफा आकाश, बादलले छोपिएका

बाँकी तेस्रो पृष्ठमा

## सेवा सुधारसँगै राजस्वमा उछाल, यातायात व्यवस्था कार्यालय बाराले पछिल्लो महिनामा ५ करोडभन्दा बढी संकलन :आचार्य , कार्यालय प्रमुख

*संवाहक सम्वादाता-९चैत्र, कलैया*




सेवा प्रवाहमा गरिएको सुधार र सवारीसम्बन्धी गतिविधिमा आएको विस्तारका कारण बारा जिल्लाको कलैयास्थित यातायात व्यवस्था कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो ९ महिनामै ५ करोड ४७ लाख १० हजार ९९५ रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ।

कार्यालय प्रमुख चिन्तन आचार्यका अनुसार, संकलित राजस्वमध्ये सबैभन्दा ठूलो हिस्सा चालक अनुमति पत्र (लाइसेन्स), सवारी दर्ता र ब्लु बुकसम्बन्धी सेवाबाट आएको छ। यी सेवाबाट मात्रै ३ करोड २५ लाख ५५ हजार ६८५ रुपैयाँ उठेको छ, जुन कुल राजस्वको आधाभन्दा बढी हो। त्यसैगरी, सवारीसाधन करबाट १ करोड ८० लाख ५० हजार ६६० रुपैयाँ र अन्य यातायातसम्बन्धी शीर्षकबाट ४० लाख ९० हजार १५० रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ।

पछिल्लो समय कार्यालयले सेवाग्राहीमैत्री वातावरण निर्माण, सेवा प्रक्रियामा सहजता र छिटोछरितोपनामा जोड दिँदै आएको छ। यसको प्रत्यक्ष प्रभावस्वरूप

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## नतिजा लुकाएर लाइसेन्स बाँड्ने प्रवृत्ति : प्रशासनिक बेथिति कि संगठित सेटिङ?

बिरगञ्जस्थित यातायात व्यवस्था कार्यालयमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरणसँग सम्बन्धित देखिएको अनियमितता केवल एउटा कार्यालयको कमजोरी मात्र होइन, समग्र प्रशासनिक प्रणालीमाथि उठेको गम्भीर प्रश्न हो। लिखित तथा ट्रायल परीक्षा सम्पन्न भएको दिनौं बितिसक्दा पनि नतिजा सार्वजनिक नगर्नु सामान्य प्राविधिक ढिलाइको विषय होइन–यो नियोजित अपारदर्शिताको संकेत हुन सक्छ।

सामान्यतया ट्रायल सकिए लगत्तै नतिजा टुंग्याउने व्यवस्था हुँदाहुँदै नतिजा रोक्नु र त्यसैबीच विचौलिया मार्फत रकम असुली भइरहेको आरोप आउनु अत्यन्त गम्भीर विषय हो। यदि वास्तवमै 'फेल' भएका वा ट्रायलमै सहभागी नभएका व्यक्तिलाई कार्यालय प्रमुख कुशेश्वर साहको प्रत्यक्ष निर्देशन र योजनामा पैसाको आधारमा 'पास' गराइँदैछ भने, यो केवल आर्थिक अनियमितता होइन–यो सार्वजनिक सुरक्षामाथि गरिएको प्रत्यक्ष खेलवाड हो।

लाइसेन्स भनेको कागजको टुक्रा मात्र होइन, यो सडकमा सुरक्षित रूपमा सवारी चलाउने क्षमताको प्रमाण हो। अयोग्य व्यक्तिलाई पैसाको भरमा लाइसेन्स दिनु भनेको सडक दुर्घटनालाई निम्तो दिनु हो। यसले निर्दोष नागरिकको ज्यान जोखिममा पार्ने मात्र होइन, कानुनी राज्यको आधारभूत मान्यतालाई नै कमजोर बनाउँछ। झन् चिन्ताजनक कुरा त के छ भने, यस्तो प्रक्रियामा ट्राफिक प्रहरीसमेत संलग्न रहेको आरोपले सुरक्षा संयन्त्रकै विश्वसनीयतामाथि प्रश्न उठाएको छ। एकातिर नियम उल्लंघन गर्ने सवारी चालकलाई जरिवाना गर्ने, अर्कोतिर पैसाको आधारमा लाइसेन्स वितरणमा आँखा चिम्लिने प्रवृत्तिले "नियम" नै व्यापारिक वस्तु जस्तो देखिन थालेको छ। यस्तो अवस्थाले बिरगञ्जलाई 'लाइसेन्स किनबेच केन्द्र' को रूपमा चिनिने खतरा बढाएको छ। अन्य जिल्लाबाट समेत सेवाग्राहीहरू यहाँ आउनु यसैको संकेत हो। यदि यो प्रवृत्ति नियन्त्रण नगरिएमा, यसले केवल एउटा कार्यालय होइन, देशभरकै यातायात प्रणालीलाई असर पार्न सक्छ।

अब मुख्य प्रश्नहरू स्पष्ट छन्–नतिजा किन रोकिन्छ? कसलाई फाइदा पुऱ्याउन यो ढिलाइ गरिन्छ? सीसीटीभी फुटेज र ट्रायल विवरण किन सार्वजनिक हुँदैन? यी प्रश्नहरूको जवाफ दिन सम्बन्धित निकाय चुक्न मिल्दैन। यस सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले तत्काल स्वतन्त्र र निष्पक्ष छानबिन गर्नु अपरिहार्य देखिन्छ। दोषी जोसुकै भए पनि कडा कारबाही हुनुपर्छ–चाहे त्यो कर्मचारी होस्, ट्राफिक प्रहरी होस् वा कार्यालय प्रमुख नै किन नहोस्। पारदर्शिता, जवाफदेहिता र कानुनी शासन बिना प्रशासनप्रति जनविश्वास टिक्न सक्दैन। यदि अहिले पनि यस्ता अनियमितता बेवास्ता गरिन्छ भने, त्यसको मूल्य केवल प्रणालीले होइन–सडकमा यात्रा गर्ने प्रत्येक नागरिकले चुकाउनुपर्नेछ।

# युवा रोजगारीको नयाँ मार्ग



राज्य, शिक्षा प्रणाली र निजी क्षेत्रले यस परिवर्तनलाई समयमै बुझेर आवश्यक नीति र पूर्वाधार विकास गर्न सके भने पोर्टफोलियो करियरले नेपाली युवालाई आत्मनिर्भर बनाउँदै देशको अर्थतन्त्रलाई पनि नयाँ उचाइमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यसले भविष्यमा सिपमा आधारित, प्रविधिमैत्री र उद्यमशील अर्थतन्त्र निर्माण गर्नसमेत सहयोग पुग्ने छ।



डा. श्रीमणिराज खनाल

नेपालमा लामो समयसम्म सफल करियरको अर्थ एउटै थियो- स्थायी जागिर, निश्चित तलब र एउटै संस्थामा बसौं सेवा। सरकारी सेवा वा ठुला संस्थामा स्थायी रोजगारी पाउनु नै जीवनको प्रमुख लक्ष्य मानिन्थ्यो। सूचना प्रविधिको तीव्र विकास, विश्वव्यापीकरण र बदलिँदो श्रम बजारले यो परम्परागत अवधारणालाई क्रमशः चुनौती दिन थालेको छ। आजका धेरै युवाका लागि जीवनभर एउटै पेसामा सीमित रहनु आकर्षक विकल्प हो भन्ने लाग्न छोडेको छ। बरू आफ्ना विभिन्न सिप, रुचि र अनुभवलाई संयोजन गरेर बहुआयामिक करियर निर्माण गर्ने प्रवृत्ति बढ्दै गएको छ, जसलाई आधुनिक भाषामा 'पोर्टफोलियो करियर' भनिन्छ।

नेपाल जस्तो देशमा जहाँ औपचारिक रोजगारीका अवसर सीमित छन् तर युवा जनसङ्ख्या ठुलो छ, पोर्टफोलियो करियर नयाँ सम्भावनाको ढोका बन्न थालेको छ। सूचना प्रविधि, डिजिटल प्लेटफर्म र विश्वव्यापी श्रम बजार सँगको पहुँचले धेरै नेपाली युवालाई एउटै जागिरमा निर्भर नभई विभिन्न कामको संयोजनबाट आयआर्जन गर्ने अवसर दिएको छ। यसले रोजगारीको परम्परागत ढाँचालाई मात्र परिवर्तन गरेको छैन, आर्थिक आत्मनिर्भरता र उद्यमशीलताको नयाँ संस्कृतिलाई पनि प्रोत्साहित गरिरहेको छ। पोर्टफोलियो करियर भन्नाले एउटै व्यक्तिले एउटै समयमा विभिन्न पेसा वा काम संयोजन गरेर आफ्नो करियर निर्माण गर्ने प्रणालीलाई बुझिन्छ। यसमा व्यक्ति एउटै संस्थामा पूर्णकालीन रूपमा निर्भर हुँदैन, बरु आफ्नो सिप, अनुभव र रुचि अनुसार अलग अलग काम गर्छ।

उदाहरणका लागि, कुनै व्यक्तिले विश्वविद्यालयमा आंशिक समय अध्यापन गर्न सक्छ, सँगै अनलाइन प्लेटफर्ममार्फत सामग्री लेखन गर्न सक्छ, परामर्श सेवा दिन सक्छ वा अनुसन्धान परियोजनामा सहभागी हुन सक्छ। यी सबै गतिविधि मिलेर उसको करियरको 'पोर्टफोलियो' तयार हुन्छ। यस्तो अवस्थामा व्यक्तिको पहिचान एउटै पेसाले होइन, विभिन्न सिप र अनुभवको संयोजनले निर्धारण गर्छ। यो अवधारणा आधुनिक अर्थतन्त्रको लचिलो श्रम बजारसँग गहिरो रूपमा सम्बन्धित छ। आजको विश्वमा कामको स्वरूप स्थिरभन्दा गतिशील हुँदै गएको छ। प्रविधिको विकासले काम गर्ने स्थान, समय र विधि सबैलाई परिवर्तन गरिदिएको छ।

### विश्वव्यापी प्रवृत्ति र नेपाल सन्दर्भ

विकसित देशमा पोर्टफोलियो करियरको अवधारणा केही दशकअघिदेखि विस्तार हुन थालेको हो। सूचना प्रविधि, मिडिया, सिर्जनात्मक उद्योग, शिक्षा र परामर्श सेवामा संलग्न धेरै पेसाकर्मीले पूर्णकालीन जागिरभन्दा स्वतन्त्र पेसालाई प्राथमिकता दिन थालेका छन्। नेपालमा पनि पछिल्ला वर्षमा यो प्रवृत्ति विस्तार हुँदै गएको छ। सूचना प्रविधि, डिजिटल मार्केटिङ, सामग्री लेखन, अनुवाद, ग्राफिक डिजाइन, भिडियो सम्पादन, अनलाइन शिक्षण र सामाजिक सञ्जाल सामग्री निर्माण जस्ता क्षेत्रमा धेरै युवाले एकै साथ विभिन्न काम गरेर आफ्नो आयको स्रोत विविधीकरण गरिरहेका छन्। कोभिड-१९ महामारीपछि विश्वभर फैलिएको रिमोट वर्क (दुरस्थ काम) को अवधारणाले यस प्रवृत्तिलाई अझ तीव्र बनायो। महामारीका कारण धेरै संस्थाले अनलाइन कामको अभ्यास सुरु गरे, जसले भौगोलिक सीमालाई कम महत्व दिन थाल्यो। यसको प्रभाव नेपालमा पनि देखियो। अहिले धेरै नेपाली युवा अन्तर्राष्ट्रिय अनलाइन प्लेटफर्ममार्फत विदेशी ग्राहकसँग काम गरिरहेका छन्।

### डिजिटल प्रविधि र नयाँ अवसर

पोर्टफोलियो करियरको विस्तारमा डिजिटल प्रविधिको भूमिका निर्णायक छ। इन्टरनेट, स्मार्टफोन र डिजिटल प्लेटफर्मको प्रयोगले व्यक्तिलाई विश्वव्यापी श्रम बजार सँग प्रत्यक्ष जोडिदिएको छ। नेपालका धेरै युवा फाइभर, अपवर्क, फ्रिलान्सर डटकम जस्ता प्लेटफर्ममार्फत ग्राफिक डिजाइन, वेब विकास, डिजिटल मार्केटिङ, प्रोग्रामिङ र सामग्री लेखन जस्ता काम गरिरहेका छन्। यसका अतिरिक्त युट्युब, फेसबुक, टिकटक र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल पनि नयाँ आयस्रोतका रूपमा विकसित हुँदै गएका छन्। यसरी डिजिटल माध्यमले युवालाई केवल रोजगारी खोज्ने मात्र होइन, आफ्नै सिप र सिर्जनात्मकताका आधारमा अवसर सिर्जना गर्ने वातावरण प्रदान गरेको छ।

नेपालमा प्रत्येक वर्ष ठुलो सङ्ख्यामा युवा श्रम बजारमा प्रवेश गर्छन्। उपलब्ध रोजगारीको सङ्ख्या सीमित छ। सरकारी सेवामा प्रतिस्पर्धा तीव्र छ भने निजी क्षेत्रमा पनि स्थायी रोजगारीको दायरा अपेक्षाकृत सानो छ। यस्तो अवस्थामा पोर्टफोलियो करियर युवाका लागि स्वरोजगार र उद्यमशीलताको प्रभावकारी विकल्प बन्न सक्छ। एउटै स्रोतमा निर्भर नभई विभिन्न स्रोतबाट आम्दानी गर्न सकिने भएकाले आर्थिक जोखिम पनि कम हुन्छ। उदाहरणका लागि, कुनै शिक्षकले विद्यालयमा पढाउन सक्छन्, सँगै अनलाइन कक्षा सञ्चालन गर्न सक्छन्, पुस्तक लेख्न सक्छन् र अनुसन्धान परियोजनामा पनि संलग्न हुन सक्छन्। यसरी विभिन्न कामको संयोजनले आयको दायरा विस्तार हुन्छ र आर्थिक स्थायित्व पनि बढ्छ।

### सिप विकासको आवश्यकता

पोर्टफोलियो करियरको आधार भनेको सिप हो। यस्तो करियरमा सफल हुन व्यक्तिसँग विभिन्न क्षेत्रमा काम गर्न सक्ने क्षमता र निरन्तर सिक्ने प्रवृत्ति आवश्यक हुन्छ। नेपालमा अहिले युवा पुस्ताले सूचना प्रविधि, डिजिटल डिजाइन, भाषिक अनुवाद, लेखन, डेटा विश्लेषण, अनलाइन शिक्षण र उद्यमशीलता जस्ता सिप विकास गर्न थालेका छन्। यस सन्दर्भमा शिक्षा प्रणालीले पनि केवल डिग्रीमा केन्द्रित रहनुभन्दा व्यावहारिक सिप, सिर्जनात्मक सोच र नवप्रवर्तनशीलता विकास गर्ने दिशामा ध्यान दिनु आवश्यक छ। पोर्टफोलियो करियरका सम्भावना उत्साहजनक भए पनि चुनौती पनि छन्। पहिलो चुनौती आयको स्थिरता हो। स्थायी जागिरमा जस्तो निश्चित तलब नहुँदा कामको उपलब्धता अनुसार आम्दानी घटबढ हुन सक्छ।

दोस्रो चुनौती सामाजिक सुरक्षाको अभाव हो। धेरै स्वतन्त्र पेसाकर्मी पेन्सन, स्वास्थ्य बिमा वा अन्य सामाजिक सुरक्षा सुविधाबाट वञ्चित हुन्छन्। तेस्रो चुनौती नीतिगत स्पष्टताको कमी हो। नेपालमा फ्रिलान्सर वा गिग कामदारको कानुनी स्थिति अझै पूर्ण रूपमा स्पष्ट छैन। अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीमा रहेका अवरोधले पनि काम गरेर कमाएको रकम सहज रूपमा देशमा ल्याउन कठिनाइ उत्पन्न गर्ने गरेको छ।

### राज्यको भूमिका

पोर्टफोलियो करियरलाई व्यवस्थित र दिगो बनाउन राज्यको भूमिका महत्वपूर्ण हुन्छ। सरकारले गिग कामदार र फ्रिलान्सरलाई औपचारिक अर्थतन्त्रको दायरामा ल्याउने नीतिगत व्यवस्था गर्नु पर्छ। अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीलाई सहज बनाउने, डिजिटल पूर्वाधार सुधार गर्ने, स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने जस्ता कदमले यस क्षेत्रलाई बलियो बनाउन सक्छ। त्यसै गरी सामाजिक सुरक्षा कोष जस्ता कार्यक्रममा स्वतन्त्र पेसाकर्मीलाई पनि समेट्न सकेमा पोर्टफोलियो करियर अझ सुरक्षित र दिगो बन्न सक्छ।

विश्व अर्थतन्त्र तीव्र रूपमा परिवर्तन भइरहेको वर्तमान समयमा करियरको स्वरूप पनि बदलिँदै गएको छ। एउटै जागिरमा निर्भर रहने परम्परागत सोच कमजोर बन्दै जाँदा विभिन्न सिप र अनुभवको संयोजनमार्फत करियर निर्माण गर्ने प्रवृत्ति बढ्दै गएको छ। नेपालमा पनि पोर्टफोलियो करियर युवाका लागि नयाँ अवसर र सम्भावनाको मार्ग बन्दै गएको छ। डिजिटल प्रविधिको विस्तार, विश्वव्यापी श्रम बजारसँगको सम्पर्क र उद्यमशील सोचको विकासले यस प्रवृत्तिलाई अझ बलियो बनाउने छ। यसले केवल व्यक्तिगत करियर निर्माणको तरिका मात्र परिवर्तन गरिरहेको छैन, देशको श्रम बजारलाई पनि थप लचिलो, प्रतिस्पर्धी र नवप्रवर्तनमुखी बनाउने सम्भावना बोकेको छ। युवाहरूले आफ्नो सिप र सिर्जनात्मकतालाई सही ढङ्गले प्रयोग गर्न सकेमा पोर्टफोलियो करियर आर्थिक आत्मनिर्भरता हासिल गर्ने प्रभावकारी माध्यम बन्न सक्छ। राज्य, शिक्षा प्रणाली र निजी क्षेत्रले यस परिवर्तनलाई समयमै बुझेर आवश्यक नीति र पूर्वाधार विकास गर्न सके भने पोर्टफोलियो करियरले नेपाली युवालाई आत्मनिर्भर बनाउँदै देशको अर्थतन्त्रलाई पनि नयाँ उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसले भविष्यमा सिपमा आधारित, प्रविधिमैत्री र उद्यमशील अर्थतन्त्र निर्माण गर्नसमेत महषवपूर्ण आधार तयार पार्ने सम्भावना छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानसँग फलदायी वार्ता भएको ट्रम्पको भनाइ, ऊर्जा पूर्वाधारमा आक्रमण रोक्न निर्देशन

***बेरुत, चैत ८ गते ।***
तेहरानले अमेरिका-इजरायली आक्रमणको प्रतिक्रियामा पूर्व-योजनाबद्ध, बहु-चरणीय रणनीति बनाइरहेको र द्वन्द्व अन्त्यका लागि छवटा सर्तहरू राखेको इरानका एक वरिष्ठ अधिकारीले आइतबार बताएका छन् । नाम नबताउने सर्तमा ती अधिकारीले भन्नुभयो, "महिनौं पहिले तयार गरिएको रणनीति 'उच्च रणनीतिक धैर्यताका साथ' कार्यान्वयन भइरहेको छ।

इरानले आफ्नो पूर्वाधार, सेवा सुविधा र रणनीतिक स्थानहरूमा आक्रमण गरेपछि चाँडै युद्धविराम हुने अपेक्षा नगरेको पनि अधिकारीले बताए। धेरै क्षेत्रीय अभिनेता र मध्यस्थकर्ताहरूले द्वन्द्व अन्त्यका लागि उपायहरू प्रस्ताव गरेका छन्, ती अधिकारीले



भन्नुभयो ।
तेहरानले कुनै पनि सम्झौताअघि नयाँ आक्रमण नहुने सुनिश्चितता, यस क्षेत्रमा अमेरिकी आधार बन्द गर्ने, इरानलाई क्षतिपूर्ति, क्षेत्रीय मोर्चामा शत्रुताको अन्त्य, 'स्ट्रेट अफ हर्मुज'का लागि नयाँ कानुनी ढाँचा र इरानप्रति शत्रुतापूर्ण मानिने मिडिया र व्यक्तित्वहरू विरुद्ध कानुनी कारबाहीसहित पूरा गर्नुपर्ने छवटा सर्त राखेको छ ।

फेब्रुवरी २८ मा इजरायल र अमेरिकाले तेहरान र अन्य इरानी शहरहरूमा संयुक्त आक्रमण गर्दा इरानका तत्कालीन सर्वोच्च नेता अली खामेनी, वरिष्ठ सैन्य कमान्डर र नागरिकहरू मारिए। इरानले यसको इजरायल र मध्यपूर्वमा अमेरिकी आधार र सम्पत्तिलाई लक्षित गरी मिसाइल र ड्रोन आक्रमणको श्रृङ्खलासहित प्रतिक्रिया दिएको थियो ।

## हेजबुल्लाहद्वारा इजरायल विरुद्ध ६0 भन्दा बढी सैन्य अपरेसन सञ्चालन : इरानी मिडिया

तेहरान, चैत ९ गते ।
हिजबुल्लाहले सोमबार २४ घण्टाको समय अवधिमा इजरायली सैन्य केन्द्रलाई लक्षित गरी ६३ वटा सैन्य कारबाही गरेको इरानी मिडियाले बताएका छन् । हेजबुल्लाहले जारी गरेको विज्ञप्तीलाई उद्धृत गर्दै मिडियाले लेबनानी क्षेत्र र जनताको रक्षा गर्न र इजरायली आक्रमणको प्रतिक्रियाका रूपमा अपरेसन सुरु गरिएको बताएको छ ।

अपरेसनमा रकेट र ड्रोन आक्रमण समावेश रहेको बताइएको छ भने लक्ष्य मुख्यतया इजरायली सैन्य केन्द्र सवारी साधन, र सीमा क्षेत्रमा रहेका सैन्य तैनाती केन्द्रमा केन्द्रित छन् । उत्तरी सहर मालोट-तर्सिहाको एक घरमा हिजबुल्लाहले रकेट प्रहार गर्दा पाँच जना घाइते भएको टाइम्स अफ इजरायलले रिपोर्ट गरे पछि यो घटना क्रम आएको हो ।



हिजबुल्लाहले शनिबार उत्तरी इजरायलमा रकेट प्रहार गरी धेरै भवन र पूर्वाधारलाई क्षति पुगेको बताइएको छ । हिजबुल्लाहले देशको दक्षिण क्षेत्रमामा हतियार ओसार्न प्रयोग गरेको आरोपमा लेबनानको लिटानी नदीमा रहेको पुललाई इजरायली वायुसेनाले आइतबार धस्त पारेको टाइम्स अफ इजरायलले जनाएको छ । लिटानीको कासमिया ब्रिजमा भएको आक्रमणले बेरुतबाट आक्रोशको सामना गर्नु परेको थियो, जसले यो कदमलाई खतरनाक भन्दै चेतावनी दिएको छ भने लेबनानमा इजरायललाई आक्रमण गर्नबाट रोक्न अन्तर्राष्ट्रिय समुदायलाई हस्तक्षेप गर्न अनुरोधसमेत गरेको छ । टाइम्स अफ इजरायलका अनुसार कास्मिया पुल मार्च २ देखि इजरायलको हाक्रमणमा परेको पाँचौ पुल हो ।

## सेवा सुधार ...

लाइसेन्स नवीकरण गर्ने तथा नयाँ सवारी दर्ता गर्ने सेवाग्राहीको संख्या उल्लेख्य रूपमा बढेको देखिएको छ। स्थानीय स्तरमा आर्थिक गतिविधि चलायमान हुनु, सवारी साधनको प्रयोग बढ्नु र सेवामा पारदर्शिता आउनु जस्ता पक्षहरूलाई पनि राजस्व वृद्धिका प्रमुख कारणका रूपमा लिइएको छ।
यद्यपि, कार्यालयले चालु आर्थिक वर्षका लागि राखिएको ९ करोड ९३ लाख ८४ हजार ४९६ रुपैयाँको लक्ष्य पूरा गर्न अझै चुनौती बाँकी छ। अबको तीन महिनामा उच्च दरमा राजस्व संकलन गर्नुपर्ने अवस्था रहेको छ।
कार्यालय प्रमुख आचार्यका अनुसार, आर्थिक वर्षको अन्तिम त्रैमासमा सवारी कर तिर्ने र लाइसेन्स नवीकरण गर्नेहरूको चाप स्वाभाविक रूपमा बढ्ने भएकाले लक्ष्य नजिक पुग्ने अपेक्षा गरिएको छ।
समग्रमा, सेवा सुधारको सकारात्मक प्रभाव राजस्व संकलनमा स्पष्ट देखिएको छ। आगामी दिनमा सेवालाई अझ प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन सके कार्यालयको कार्यक्षमता र आम्दानी दुवैमा थप वृद्धि हुने विश्वास गरिएको छ।

## स्विट्जरल्यान्ड ...

डाँडाकाँडा र टाढा देखिने हिमशृङ्खलाले आल्प्स पर्वतको झल्को दिन्छ। तर, जहाँ स्विट्जरल्यान्ड आधुनिक पूर्वाधार, सहज पहुँच र विकसित पर्यटन प्रणालीका कारण विश्वकै प्रमुख गन्तव्य बनेको छ, त्यहाँ बडीमालिका अझै कठिन यात्राको अर्को नाम हो।
यही विरोधाभास नै यसको विशेषता पनि हो–अछुत, शान्त र प्राकृतिक। यहाँ कृत्रिमता छैन, केवल प्रकृतिको मौलिकता छ। यसैले कतिपयले भन्छन्, "स्विट्जरल्यान्ड सुन्दर छ, तर बडीमालिका जस्तो जंगली आत्मा त्यहाँ छैन।"
विकटता–चुनौती कि अवसर ?
बडीमालिका पुग्न अझै सजिलो छैन। नेपालगञ्ज वा धनगढी हुँदै बाजुराको मार्तडीसम्म पुगेर त्यसपछि २-३ दिनको कठिन पदयात्रा गर्नुपर्छ। सडक, होटल, सञ्चार र अन्य पूर्वाधारको कमीले यस क्षेत्रलाई विकट बनाएको छ।
तर यही विकटता यसको मौलिकता पनि हो। यहाँ पुग्नु केवल यात्रा होइन, एउटा अनुभव हो–जहाँ मानिस शहरको भीडबाट टाढा, आफैँसँग र प्रकृतिसँग भेटिन्छ।
आस्था, किंवदन्ती र रहस्य
बडीमालिकाको केन्द्रमा रहेको बडी मालिका मन्दिर धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ। यहाँ वर्षेनी हजारौँ श्रद्धालु पुग्छन्।
स्थानीय किंवदन्तीहरू अझ रोचक छन्–यहाँ रोपिएको धानको बाला नदेखिने, तर कसैले देखेमा माताको विशेष कृपा प्राप्त हुने विश्वास गरिन्छ। यस्ता कथाहरूले बडीमालिकालाई केवल भौगोलिक स्थान होइन, सांस्कृतिक रहस्यको थलो बनाएको छ।
बालेनको अभिव्यक्ति–चिनारीको टर्निङ प्वाइन्ट
लामो समयसम्म सीमित घेराभित्र सीमित रहेको बडीमालिका, बालेन शाहले सार्वजनिक रूपमा यसको चर्चा गरेपछि एकाएक राष्ट्रिय ध्यानको केन्द्र बन्यो।
उनको सानो तर प्रभावशाली अभिव्यक्तिले मानिसहरूमा प्रश्न जन्मायो–"यति सुन्दर ठाउँ हाम्रो देशमै छ ?" यही कौतुहलताले सामाजिक सञ्जालमा बहस बढायो, यात्रुहरूलाई आकर्षित गर्‍यो र ओझेलमा परेको यो क्षेत्रलाई नयाँ पहिचान दियो।
सम्भावनाको विशाल क्षितिज
बडीमालिका केवल प्राकृतिक सुन्दरताको भण्डार मात्र होइन, आर्थिक सम्भावनाको ढोका पनि हो।
पर्यटनमार्फत स्थानीय आय वृद्धि
होटल, गाइड, यातायात क्षेत्रमा रोजगारी
स्थानीय उत्पादनको बजार विस्तार जस्ता अवसर यहाँ प्रशस्त छन्।
यदि राज्य र निजी क्षेत्रले सहकार्य गर्दै सडक, आवास र प्रचार-प्रसारमा ध्यान दिन सके, बडीमालिका नेपालकै प्रमुख पर्यटन गन्तव्य बन्न सक्छ।
निष्कर्षः ओझेलबाट उज्यालोतर्फ
बडीमालिका एउटा यस्तो ठाउँ हो, जहाँ पुग्दा लाग्छ–प्रकृति अझै बाँचेकी छ, अझै मुस्कुराइरहेकी छ। स्विट्जरल्यान्डसँग तुलना हुनु यसको सौन्दर्यको प्रमाण हो, तर यसको वास्तविक शक्ति यसको मौलिकता र शान्ततामा छ।
आज आवश्यकता छ–यसलाई केवल तुलना होइन, पहिचान दिन। बालेनको एउटा अभिव्यक्तिले सुरु गरेको यात्रा अब राज्य, समाज र पर्यटकले मिलेर अघि बढाउनुपर्ने समय आएको छ।
बडीमालिका केवल गन्तव्य होइन, अनुभव हो–नेपालको आत्मासँग भेट गराउने एउटा अनुपम यात्रा।

## सामुदायिक ...

अर्घ्य अर्पण गर्न जलाशयमा प्रवेश गर्छन्। अक्षता, फूल, फलफूल, तरकारी र विभिन्न धार्मिक सामग्री पालोपालो गरी सूर्यदेवलाई अर्पण गरिन्छ। त्यस्तै, अन्तिम दिन बुधबार प्रातःकाल उदाउँदो सूर्यलाई अर्घ्य दिई चार दिनको व्रत समापन गरिन्छ।
मधेश प्रदेशका प्रमुख छठघाटहरूमा जनकपुरधाम, जलेश्वर, मटिहानी, गौशाला, पिपरा, सम्सी, बर्दिबास, कलैया रामजानकी मन्दिर, सिद्धेश्वर विद्यालयको पोखरी, महागढीमाईको गढीमाई मन्दिर परिसर, पिप्राविर्ताको थलही नदी र विरगञ्जका घडिअर्वा पोखरी तथा नागवा पोखरीमा श्रद्धालुहरूको घुइँचो लाग्ने गर्दछ।
यस पर्वले सत्य अहिंसा, सहिष्णुता र सामाजिक सद्भाव बढाउने धार्मिक महत्त्व राख्दछ। नारीहरूले मुख्यतया उपवास बसेर पूजा गर्दा पनि पुरुषहरू पनि सहभागी हुन्छन्। धनी-गरिब, स्वदेशी-विदेशी सबैले समान श्रद्धा प्रकट गर्ने यस पर्वले सामाजिक एकता र सांस्कृतिक समृद्धिमा योगदान पुर्‍याउने विश्वास रहेको छ।

## प्रधानमन्त्री ...

समारोहमा विदेशी अतिथि बोलाउने प्रचलन छैन। विगतमा २०३२ सालमा राजा वीरेन्द्र शाहको राज्याभिषेकमा मात्र विदेशी पाहुनालाई आमन्त्रण गरिएको थियो। त्यसपछिका प्रधानमन्त्री शपथ समारोहहरूमा देशभित्रका पूर्वप्रधानमन्त्री, मन्त्री, सांसद, संवैधानिक निकायका पदाधिकारी, सुरक्षा निकायका प्रमुख र कूटनीतिक नियोग प्रमुखहरूलाई मात्रै निमन्त्रणा दिइने प्रचलन कायम छ।
सन्दर्भका लागि, भारतमा २०१४ मा नरेन्द्र मोदीको शपथ समारोहमा दक्षिण एसियाका विभिन्न देशका सरकार प्रमुखलाई निमन्त्रणा गरिएको थियो भने बंगलादेशमा जेन-जी आन्दोलनपश्चात १२ फेब्रुअरी २०२६ मा सम्पन्न शपथ समारोहमा नेपालबाट परराष्ट्रमन्त्री बालानन्द शर्मा सहभागी भएका थिए। तर, नेपालको प्रधानमन्त्री शपथ समारोहमा विदेशी अतिथि बोलाउने कुनै परम्परा छैन।
प्रतिनिधिसभाको २७५ सिटमध्ये रास्वपाले १८२ सिट जितेको हुनाले बालेन्द्र शाहको प्रधानमन्त्री बन्ने पक्का भएको छ। शपथ समारोहमा पनि यही बहुमतअनुसार परम्परागत ढाँचाअनुसार आमन्त्रण सूची तयार गरिएको छ। यसले समारोहलाई व्यवस्थित, परम्परागत र सुरक्षा दृष्टिले सहज बनाउने अनुमान गरिएको छ।
यसरी, आगामी शपथ समारोह पूर्ण रूपमा आन्तरिक औपचारिकता र कूटनीतिक प्रतिनिधिहरूको उपस्थितिमा सीमित रहनेछ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।
जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।
जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।
जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# १० सांसद नपुग्दा प्रमुख सचेतक सुविधा कटौती, हर्क साम्पाङको आपत्ति

९ चैत्र, काठमाडौँ -

संघीय संसदमा १० जना सांसद नपुगेपछि दुई दलका प्रमुख सचेतकहरू राज्यबाट पाउने सेवा-सुविधाबाट वञ्चित भएका छन्। यस निर्णयप्रति हर्क साम्पाङ राईले आपत्ति जनाएका छन्।




फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ ३ र समानुपातिकतर्फ ४ गरी कुल ७ सिट जितेको छ। त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ५ सिट प्राप्त गरेको छ। यी दुवै दलले राष्ट्रिय दलको मान्यता पाए पनि प्रमुख सचेतकले भने सरकारी सुविधा पाउन सकेनन्।

संघीय संसद सचिवालयका अनुसार, प्रमुख सचेतकले सुविधा पाउन कम्तिमा १० जना सांसद आवश्यक पर्ने कानुनी व्यवस्था रहेको छ। संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ अनुसार उक्त सीमा नपुगेका दलका प्रमुख सचेतकले सवारी सुविधा तथा अन्य सेवा-सुविधा पाउँदैनन्।

सहसचिव कान्छा दुलालका अनुसार, १० वा सोभन्दा बढी सांसद भएको दलका प्रमुख सचेतकले सवारी सुविधा र दुई जना चालकसमेत पाउने व्यवस्था छ।

हाल संसदमा राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी एमाले र नेपाल कम्युनिस्ट पार्टी जस्ता दलका सांसद संख्या १० भन्दा माथि रहेकाले उनीहरूका प्रमुख सचेतकले भने सुविधा पाउनेछन्।

यस विषयमा प्रतिक्रिया दिँदै हर्क साम्पाङ राईले सानो दललाई विभेद गरिएको आरोप लगाउँदै सरकारको निर्णयप्रति असन्तुष्टि जनाएका छन्। उनले "यदि पार्टीलाई सुविधा नदिने हो भने मन्त्रीहरूले पनि सुविधा लिन नपाउने व्यवस्था हुनुपर्छ" भन्दै कडा टिप्पणी गरेका छन्।

यो घटनाले संसदमा दलको आकार अनुसार सुविधा दिने व्यवस्थामाथि पुनः बहस सुरु गराएको छ। साना दलहरूले समान व्यवहारको माग गरिरहेका छन् भने कानुनी प्रावधान भने यथावत् रहेको देखिन्छ।

# पोखरिया नगरपालिकामा बढ्दो संस्थागत ठगीविरुद्ध स्थानीयहरूको गम्भीर विरोध

९ चैत्र। वीरगञ्ज – पर्साको पोखरिया नगरपालिकामा पछिल्लो समय संस्थागत रूपमा आर्थिक शोषण र ठगीका घटनाहरू बढिरहेको भन्दै स्थानीय समुदायमा आक्रोश व्याप्त भएको छ। विशेष गरी बेरोजगार युवा र सर्वसाधारणलाई विभिन्न बहानामा आर्थिक लाभ उठाउने गतिविधि रोक्न राष्ट्रिय मुक्ति पार्टी नेपालले सरकारसँग तत्काल निष्पक्ष छानबिनको माग गरेको छ।




पार्टीका सह-महासचिव नेजामुद्दीन शमानीका अनुसार, नगरपालिकाले जागिर दिने प्रलोभन देखाएर सर्वसाधारणबाट ठूलो रकम उठाउने, काम गराइपश्चात तलब नदिने, कर वृद्धिको नाममा अतिरिक्त भार थप्ने र विकास बजेटमा अनियमितता गर्ने गरेको छ। विशेष गरी सम्पत्ति करलाई ३०० रुपैयाँबाट १५०० रुपैयाँ पुऱ्याइ आर्थिक भार बढाइएकोमा जनताको गुनासो रहेको छ।

पार्टीले पाँचबुँदे मागसहित दोषीलाई कानुनी कारबाही गर्ने, ठगीमा परेकालाई उचित क्षतिपूर्ति दिने, कर प्रणाली सुधार्ने, बजेटको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने र निगरानी व्यवस्था कडा गर्ने आवश्यकतामा जोड दिएको छ। शमानीले चेतावनी दिए, "भ्रष्टाचार र ठगीविरुद्ध चुपचाप बस्न सकिने समय सकिएको छ। अब जनताको आवाज उठाउनैपर्नेछ।"

स्थानीयहरूले भने आगामी दिनमा सुधार नहुँदा व्यापक आन्दोलनमा जाने संकेत गरेका छन्। यस घटनाले पोखरिया नगरपालिकामा पारदर्शिता, न्यायोचित प्रशासन र आर्थिक उत्तरदायित्व सुनिश्चित गर्नुको आवश्यकतालाई अझ स्पष्ट पारेको छ।

# कुटपिटबाट वृद्ध महिलाको मृत्यु आरोपमा बुहारी नियन्त्रणमा

९ चैत्र, वीरगञ्ज । – पर्साको जिराभवानी गाउँपालिका-१को पिपरा टोलमा आइतबार दिउँसो ५५ वर्षीया सायदा श्रीवास्तवको मृत्यु कुटपिटको घटनाबाट भएको छ। प्रहरीका अनुसार मृतकको आफ्नै बुहारी २६ वर्षीया पिंकी देवी र उनका १६ वर्षीया आफन्त गायत्री कुमारी यस घटनामा संलग्न रहेको आरोपमा नियन्त्रणमा लिइएको छ।




इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीले दुवै आरोपितलाई नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरेको प्रहरी निरीक्षक समुन्नत अधिकारीले जानकारी दिएका छन्।

प्रारम्भिक अनुसन्धान अनुसार मृतक र बुहारीबीच लामो समयदेखि पारिवारिक विवाद चल्दै आएको थियो, जसको कारणले कुटपिटको घटना घटेको अनुमान गरिएको छ। शव पोस्टमार्टमका लागि नारायणी अस्पताल पठाइएको छ भने जिल्ला प्रहरी कार्यालय पर्साले घटनाको थप विवरण र कानुनी कारबाही प्रक्रिया अघि बढाइरहेको जनाएको छ। स्थानीय बासिन्दाहरूले पारिवारिक विवाद र तनावले यस्तो दुःखद घटना निम्त्याएको बताएका छन्।

# प्रतिनिधिसभा निर्वाचनपछि संसदीय दलका लागि कार्यालय व्यवस्थापन नयाँ सिट अनुसार

९ चैत्र, काठमाडौं -

संघीय संसद सचिवालयले हाल प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूको सिट संख्या अनुसार संसदीय कार्यालयको व्यवस्थापन गरेको छ। नयाँ संसद भवन निर्माण कार्य अझै पूरा नभएकाले अस्थायी रूपमा सिंहदरबार परिसरमा रहेको संरचना प्रयोग गरी दलहरूलाई कार्यालय उपलब्ध गराइएको छ।




फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि दलहरूको सिट संरचना परिवर्तन भएअनुसार कार्यालय व्यवस्थापन गरिएको संघीय संसद प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो। यस क्रममा नेपाली कांग्रेस र नेकपा एमालेलाई पहिले जस्तै आफ्नै संसदीय कार्यालयमा राखिएको छ। अर्कोतर्फ, यसअघि नेकपाले प्रयोग गर्दै आएको कार्यालय राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिइएको छ। त्यस्तै, रास्वपाले प्रयोग गर्ने कार्यालयमा अब नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई व्यवस्थापन गरिएको छ।

संघीय संसद सचिवालयले भने नयाँ भवन निर्माण सम्पन्न भएपछि स्थायी कार्यालय र संसदीय गतिविधि त्यही भवनबाट संचालन हुने जनाएको छ। निर्वाचित सदस्यहरूको पद तथा गोपनियता सपथ पनि नयाँ संसद भवनको बहुउद्देश्यीय हलमा सम्पन्न गरिनेछ। यस व्यवस्थापनले सिट संख्या अनुसार संसदीय दलहरूको सहज कार्य सञ्चालन सुनिश्चित गर्ने उद्देश्य राखेको छ, जबकि अस्थायी व्यवस्था भैरहेको समयमा पनि दलहरूको प्रशासनिक र कार्यकारी गतिविधि निरन्तरता पाउनेछ।

# रास्वपाद्वारा टिकट वितरणको आश्वानको विषयमा अनुशासन सम्बन्धी सपष्टीकरण

बारा, ९ चैत २०८२ - राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराद्वारा हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेपछि पार्टीले टिकेट वितरण प्रक्रिया, अनुशासन र संगठनात्मक कार्यक्षमता सम्बन्धमा स्पष्टिकरण जारी गरेको छ। पार्टी अध्यक्ष चन्दन कुमार स्वर्णकारले जारी गरेको प्रेस विज्ञप्तिमा बाराका मतदाता, शुभेच्छुक र सहभागीहरूलाई धन्यवाद दिँदै आगामी निर्वाचन र पार्टी गतिविधिमा कुनै भ्रम नफैलियोस् भन्ने उद्देश्यका साथ चार बुँदामा जानकारी दिइएको छ। विज्ञप्तिमा भनिएको छ कि टिकेट वितरण पार्टी विधानअनुसार कानुनी र पारदर्शी रूपमा हुनेछ र हालसम्म कुनै तहमा वितरण नभएको जानकारी छ; आफ्नो स्वार्थका लागि बाँडफाँडमा हस्तक्षेप गर्ने सदस्यहरूमाथि कडा कारबाही गरिनेछ; पार्टी विरोधी वा "फोहोरि राजनीति" गर्ने व्यक्तिहरूलाई सतर्क रहन चेतावनी दिइएको छ; साथै सम्पूर्ण तहका संगठन, समिति र विभागले पार्टी नीति र नियमको पालना गर्दै कार्यलाई तीव्रता दिन निर्देशन पाएका छन्। अध्यक्ष स्वर्णकारले बाराबासी र पार्टी सदस्यहरूलाई पार्टीको आधिकारिक सूचना बाहेक अन्य स्रोतमा भरोसा नगर्न अनुरोध पनि गरेका छन्।

# सहकारी ठगी र करोडौं हिनामिना: कृष्णप्रसाद जैसी पक्राउ, रवि-जिबी मुद्दामा विचाराधीन



९ चैत्र, पोखरा।पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा आफ्नो बचत रकम हिनामिना भएको पीडित बनेका कृष्णप्रसाद जैसी धनुष बचत तथा ऋण सहकारी ठगी आरोपमा सोमबार पक्राउ परेका छन्। सहकारी रजिस्ट्रारको कार्यालयले जिल्ला प्रहरी कार्यालयमा पेश गरेको छानबिन प्रतिवेदन अनुसार, उनी धनुष सहकारीको ऋण उपसमितिमा बसेर कृत्रिम खातामार्फत करिब ८२ लाख रूपैयाँ हिनामिनामा संलग्न रहेको पुष्टि भएको छ। सोही ठगीमा संलग्न अन्य चार जनाको पनि पक्राउ पुर्जी जारी गरिएको छ।

छानबिन प्रतिवेदनले धनुष सहकारीबाट कुल १९ करोड १८ लाख रूपैयाँ हिनामिना भएको निष्कर्ष निकालेको छ। यसैक्रममा कृष्णप्रसादले पीडितका रूपमा रास्वपा सभापति रवि लामिछाने, सहकारी सञ्चालक तथा ग्यालेक्सी टेलिभिजनका अध्यक्ष जिबी राईलगायत विरुद्ध जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा रवि, जिबी लगायत विरुद्ध अदालतमा एक अर्ब ५१ करोड रूपैयाँ हिनामिनाको मुद्दा विचाराधीन रहेको छ।

पक्राउ परेका कृष्णप्रसाद खुद पीडित भए पनि ठगीको आरोपमा उनीसमेत अनुसन्धानको दायरामा परेको घटनाले सहकारी क्षेत्रको व्यवस्थापन र पारदर्शितामा प्रश्न खडा गरेको छ।

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
– विभिन्न प्रकारका सेकुवा
– लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
– ताजा मासुका खाजा तथा खाना
– स्वादिलो नेपाली खाना
– सफा तथा आरामदायी वातावरण
– परिवार र साथीभाइसँग आउन उपयुक्त
– सुपथ मूल्यमा उत्कृष्ट स्वाद
